# संस्थागत सौर्य विद्युत प्रणाली जडान, अनुदान, स्वामित्व रेखदेख तथा मर्मत सम्भारका लागि केन्द्र र सम्वन्धित संस्था बिच भएको सम्झौता पत्र ।

आज मिति…………………….. मा नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र (यस पछि केन्द्र भनिने), आ.व. २०७८/७९ मा संस्थागत सौर्य विद्युत प्रणालीको लागि छनौट भएको संस्था……………………………………………………………………………………………………………………
(यस पछि "संस्था" भनिने ) बीच संस्थागत सौर्य विद्युत प्रणालीको जडान, अनुदान, स्वामित्व रेखदेख तथा मर्मत सम्भारका साथै अनुगमन गर्न गराउनको लागि निम्न बुदाँहरुमा सहमत भइ सम्झौता गरियो ।

१. " नविकरणीय ऊर्जा अनुदान नीति २०७३" र "अनुदान परिचालन कार्यबिधि २०७३", र "नविकरणीय ऊर्जा सम्बन्धि बिषेश कार्यक्रमहरुको प्रवर्द्धनको लागि कार्य सञ्चालन तथा अनुदान परिचानल कार्यबिधि २०७३" अर्न्तगत नेपाल सरकारको संस्थागत सौर्य विद्युत प्रणालीको लागि संस्थालाई अनुदान उपलब्ध गराउनेछ । यस आ.व. मा केन्द्रले दुई प्रकारको प्रणाली अनुदानमा जडानको लागि स्वीकृत गरेको छ । सो बमोजिम केन्द्रले संस्थालाई…………kWp क्षमताको संस्थागत सौर्य ऊर्जा प्रणालीको लागि केन्द्रद्धारा स्वीकृत सन्दर्भ मूल्य सूचीको आधारमा अधिकतम अनुदान रकम रु……………………… उपलब्ध गराइने छ ।

२. प्रचलित सार्वजनिक खरिद ऐन नियम बमोजिम संस्थागत सौर्य ऊर्जा प्रणाली खरिदको सम्पूर्ण जिम्मेवारी संस्थाको हुनेछ । सार्वजनिक खरिद अनुगमन कार्यलयले तयार पारेको ढाँचामा केन्द्रले उपलब्ध गराएको दरभाउ माग गर्न तयार पारिएको नमुना दरभाउ सम्बन्धि कागजातको ढाँचामा सम्बन्धित कार्यको लागि केन्द्रमा सूचिकृत मान्यता प्राप्त कम्पनी/संस्था सँग दरभाउ माग गर्नुपर्नेछ । दरभाउ माग फरक फरक सञ्चालक रहेका संस्थाबाट कम्तिमा तीनवटा पूर्ण र ग्राह्य दरभाउ पेश हुने सूनिश्चित गर्नुपर्नेछ । प्राप्त दरभाउ केन्द्रले उपलब्ध गराएको दरभाउपत्र खोल्ने ढाँचा अनुसार खोलि केन्द्रले उपलब्ध गराएको ढाँचामा प्रचलित खरिद ऐन नियमको व्यवस्था बमोजिम मूल्याङ्कन समितिबाट मूल्याङ्कन गरे पश्चात् न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावकारी दरभाउ छनौट गरि सम्बन्धित कम्पनीसँग सम्झौता गरि जडानको प्रकृया अघि बढाउनु पर्नेछ ।

३. खरिद तथा जडान कार्य सम्पन्न भए पश्चात् अनुदान माग निवेदन साथ निम्न विवरणका प्रतिलिपीहरु केन्द्रमा पेश गर्नुपर्नेछ :

क.केन्द्रमा सूचिकृत कम्पनीहरुसँग दरभाउ माग गर्न जारी गरेको पत्रको प्रतिलिपी ।
ख. कम्पनीहरुबाट प्राप्त दरभाउहरु ।
ग. दरभाउ खोलेको मूचुल्का ।
घ. दरभाउ मूल्याङ्कन प्रतिवेदन ।
ङ. संस्था र कम्पनी बीचको सम्झौता ।
च. आवश्यक विद्युतिय सामाग्रीहरु (कम्प्युटर, फोटोकपी मेसिन, बत्ती, प्रोजेक्टर आदि) को विवरण तथा कुल मुल्य खुलेको स्थानिय तहको पत्र वा सो प्रणाली अन्य संस्थाबाट प्राप्त भएको भए सो संस्थाबाट सो प्रणालीहरुको मूल्य स्पष्ट रुपमा उल्लेख भएको पत्र
छ. कार्य सम्पन्न प्रतिवेदन ।

४. जडित प्रणाली केन्द्रले अनुगमन गरी नियमानुसार जडान कार्य भएको पाइएमा अनुदान रकम संस्थाको सिफारीसमा सम्बन्धित कम्पनीलाई उपलब्ध गराउनेछ । केन्द्रले उपलब्ध गराउने अनुदान बाहेकको सम्झौता बमोजिमको रकम संस्थाले सम्बन्धित कम्पनीलाई उपलब्ध गराउनेछ ।

५. केन्द्र वा दातृ निकायका प्रतिनिधिबाट उपलब्ध कागजात वा स्थलगत अनुगमन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको पालना भएको नपाइएमा वा जडान भएको प्रणाली र उपकरण संस्थामा नभेटिए वा जडान सम्पन्न हुनु अगावै संस्थाले कम्पनीलाई जडान सम्पन्न सिफारिस उपलब्ध गराइएको पाइएमा केन्द्रले अनुदान रकम उपलब्ध गराउने छैन । यस्ता अवस्थाहरुमा सौर्य ऊर्जा प्रणाली खरिद/जडान बापतको रकम कम्पनीलाई भूक्तानी गर्ने दायित्व संस्थाको हुनेछ । जडित सौर्य प्रणाली केन्द्रले तोकेको प्राविधिक मापदण्ड अनुसार जडान गरेको नपाईएमा केन्द्र र कम्पनी बीचको सम्झौता (मान्यता प्रदान) बमोजिम सम्बन्धित कम्पनीलाई केन्द्रले कारवाही गर्नेछ ।

६. केन्द्रले जडानकर्ता कम्पनीले प्रदान गर्ने बिक्रि पछिको सेवा तथा प्रत्याभूति सेवा सम्बन्धमा केन्द्र आफै वा स्वतन्त्र परामर्शदाता वा केन्द्रले बाह्य पहुँच शाखाबाट जडान भएको २ बर्ष पश्चात अनुगमन गर्नेछ ।

७. संस्थागत सौर्य विद्युत प्रणालीमा प्रयोग हुने सम्पूर्ण सामान तथा उपकरणहरुको स्वामित्व रेखदेख तथा मर्मत सम्भारको सम्पुर्ण जिम्मेवारी सम्बन्धित संस्थाको हुनेछ र सोको लागि मर्मत सम्भार कोष स्थापना गर्नु पर्नेछ ।

८. वारेन्टी अवधीमा प्रणालीमा समस्या आइपरेमा सम्बन्धित संस्थाले जडानकर्ता कम्पनीलाई खबर गरी मर्मत संभार गर्नुपर्नेछ र यदि वारेन्टी अवधि पछि प्रणालीमा समस्या आइपरेमा सम्बन्धित संस्थाले मर्मत सम्भार कोषबाट मर्मत गर्नुपर्नेछ र सोको जानकारी केन्द्रलाई उपलब्ध गराउनुपर्नेछ ।

९. जडान सम्पन्न पश्चात टेस्टिङ्ग र कमिसनिङ्ग गर्ने समयमा केन्द्र र संस्था विच सम्झौता गर्दा प्रत्याभूत गरिएको उपकरणको न्यूनतम ८०% (electrical Load in Watt) उपलब्ध तथा चालु अवस्थामा नभएमा केन्द्रले संस्थालाई अनुदान रकम उपलब्ध गराउने छैन र उक्त कार्य बापतको जडानकर्ता कम्पनीलाइ भुक्तानी गर्ने दायित्व संस्थाको हुनेछ ।

१०. संस्थागत सौर्य विद्युत प्रणालीमा प्रयोग हुने सामान तथा उपकरणहरुको दूरुपयोग भएको पाईएमा संस्थालाई प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

११. कुनै पनि समयमा संस्थालाई पूर्व जानकारी दिएर वा नदिइ केन्द्र वा दातृ निकायका प्रतिनिधिबाट जडित संस्थागत सौर्य विद्युत प्रणालीको निरिक्षण गर्न सक्नेछन् र सो समयमा संस्थाले आवश्यक सहयोग गर्नु पर्नेछ ।

१२. जडित संस्थागत सौर्य विद्युत प्रणाली कम्तिमा दुई वर्षसम्म स्थानान्तरण गर्न पाइने छैन र सो अवधि पश्चात स्थानान्तरण गर्नुपर्ने भएमा केन्द्रको पूर्व स्वीकृती लिनु पर्नेछ ।

१३. यो सम्झौताको अधिकतम अवधि मिति : २०७८/०८/२९ सम्म हुनेछ । सम्झौता अवधि समयभित्र खरिद जडान कार्य सम्पन्न गरी आवश्यक कागजातसहित केन्द्रमा प्रतिवेदन पेश गरी सक्नु पर्ने छ ।

१४. केन्द्रले उपलब्ध गराएको अनुदान रकम तथा जडित सौर्य ऊर्जा प्रणालीलाई प्रचलित नियमानुसार लेखा प्रणालीमा समावेस गरी भण्डार दाखिला गर्नुपर्नेछ ।

१५. संस्थाको निवेदनमा अरु कुनै माध्यमबाट विद्युतिकरण नभएको उल्लेख भएको र सो संस्थामा सौर्य ऊर्जा प्रणाली जडान पूर्व अन्य कुनै माध्यमबाट विद्युतिकरण भएको प्रमाणित भएमा संस्था अनुदान प्राप्तिको लागि योग्य मानिने छैन र केन्द्रले अनुदान रकम उपलब्ध गराउने छैन । यस्तो अवस्थामा सौर्य ऊर्जा प्रणाली खरीद जडान बापतको रकम कम्पनीलाई भुक्तानी गर्ने दायित्व संस्थाको हुनेछ ।

१६. छनौट भएका कार्यालय वा संस्थाहरुले यो भन्दा पहिले केन्द्रबाट संस्थागत प्रणालीको लागि अनुदान प्राप्त गरेको पाईएमा सो कार्यालय वा संस्थाको छनौट स्वतः रद्ध हुनेछ । यस भन्दा पहिले यस केन्द्रको अनुदानबाट प्रणाली जडान गरि पुन जडान गरेमा केन्द्रले अनुदान रकम उपलब्ध गराउने छैन । यस्तो अवस्थामा सौर्य ऊर्जा प्रणाली खरीद जडान बापतको रकम कम्पनीलाई भुक्तानी गर्ने दायित्व संस्थाको हुनेछ ।

१७. जडान पश्चात् जडित प्रणालीको केन्द्रबाट निर्धारित गरिएको ढाँचामा सम्बन्धित स्थानिय तह वा केन्द्रबाट अनुगमन गराएर केन्द्रमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

यो सम्झौताको कार्यान्वयनमा कुनै विबाद वा अस्पष्टता भएमा केन्द्र र संस्था आपसी छलफल गरी सुल्झाउने छन् । यो सम्झौता नेपालको प्रचलित  कानुनी क्षेत्राधिकार भित्र पर्नेछ ।

केन्द्र र संस्थाले माथि उल्लेखित शर्त तथा प्रावधानहरुमा सहमत भई सम्झौताका दुई प्रति सक्कल पत्रमा हस्ताक्षर गरी एक एक प्रति लियौ ।

**सम्झौतासँग संलग्न कागजातहरु यसै सम्झौताको अंग रहनेछ ।**

१. सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम अपनाउनु पर्ने प्रक्रियाको संक्षिप्त विवरण ।

२. दरभाउ पत्र माग गर्न केन्द्रले तयार पारेको ढाँचा ।

३. दरभाउ खोल्ने तथा मूल्याङ्कन प्रतिवेदको ढाँचा ।

४. अनुदान माग निवेदनको ढाँचा ।

५. न्यूनतम उपकरणको विवरण तथा सो को मूल्य खुलेको स्थानिय तहको पत्र ।

६. हालसम्म केन्द्रमा उल्लेखित कार्यको लागि सूचिकृत मान्यता प्राप्त कम्पनीहरुको सूची ।

| केन्द्रको तर्फबाट | संस्थाको तर्फबाट |
|---|---|
| ........................................................ | ............................................................... |
| नामः डा. लक्ष्मण प्रसाद घिमिरे | नाम........................................................ |
| पदः सहायक निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र<br>(शाखा प्रमुख, सौर्य तथा वायु ऊर्जा शाखा ) | पदः....................................................... |
| साक्षी<br>नामः सन्तोष राई<br>पदः वरिष्ठ अधिकृत<br>वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | साक्षी<br>नामः<br>पदः<br>छापः |

**इमेलबाट गरिने सम्झौताका लागि सम्वन्धित स्थानिय तह साक्षी हुनुपर्नेछ ।**